बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय
भरतपुर, चितवन

फोन नं: ०५६-४९३११५
Email: akcchitwan@gmail.com,
Web: www.chitwan.akc.gov.np,

## कृषि उद्यमशिलता/मूल्य श्रृंखला विकास/मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रममा सहभागिताको लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धी सूचना

सूचना नं. ३/०८१/८२

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१३

कृषि विकास कार्यालय, चितवनको आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लिखित कृषि विकास कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न यस कार्यालयको कार्यक्षेत्र (चितवन र मकवानपुर जिल्ला) भित्रका इच्छुक योग्य आवेदकले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८१/०८/०३) कार्यालय समयभित्र देहाय बमोजिमका कागजातहरु संलग्न गरी सम्बन्धित कार्यविधि को अनुसूची-२ अनुसारको निवेदन र अनुसूची-३ अनुसारको प्रस्ताव-पत्र तयार गरी कृषि विकास कार्यालय, भरतपुर, चितवन वा कार्यालयको सेवा केन्द्र हेटौंडा, मकवानपुरमा दर्ता गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | लक्षित लाभग्राही वा आवेदक | परिमाण | जम्मा बजेट (रु. लाखमा) | कार्यविधि | न्यूनतम शर्त एवं मापदण्ड |
|---|---|---|---|---|---|---|
| १ | कृषि उद्यमशिलता विकास कार्यक्रम | निजी कृषि फर्म/कृषि कम्पनी/कृषि उद्यमी | २३ | ४६ | कृषि उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ | उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यविधिको दफा ७ बमोजिमको कुनै क्रियाकलापहरु संचालन गर्नुपर्ने । |
| २ | कृषि उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम (वाली उत्पादनोपरान्त तथा बजारीकरण सहयोग) | कृषक समूह, कृषि सहकारी, कृषि कार्य गर्ने बहुउद्देश्यीय सहकारी र निजी कृषि फर्म | १ | १० | कृषि, पशुपन्छी तथा मत्स्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | कृषि उपजहरुको उत्पादन विविधिकरण, संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरण सम्बन्धी क्रियाकलापहरु संचालन गर्नुपर्ने । |
| ३ | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | आर्थिक रुपले विपन्न, अल्पसंख्यक, सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडीएका जातजाती सम्मिलित कृषक समूह, कृषि सहकारी र कृषि फर्म | ३० | ३० | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | कार्यविधिमा उल्लेख भए वमोजिम |

अलकनाथ कंडेल
प्रमुख
अधिकृतस्तर (नवौं)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय
भरतपुर, चितवन

फोन नं: ०५६-४९३११५
Email: akcchitwan@gmail.com,
Web: www.chitwan.akc.gov.np,

आवेदन/प्रस्तावपत्र पेश गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

- रु. १० को हुलाक टिकट टाँस गरेको अनुसूची-२ अनुसारको निवेदन र अनुसूची-३ अनुसारको प्रस्ताव-पत्र ।
- कृषि बाली/वस्तु उत्पादन सम्बन्धि तथ्याङ्क फारम
- संस्था दर्ता, नविकरण, पान/भ्याट र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कृषि उद्यम, व्यवसाय वा कृषि कम्पनीको हकमा सम्बन्धित निकायमा दर्ता/नविकरण/अनुमति लिएको प्रमाणपत्र ।
- सहकारी/निजी फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन, प्रबन्धक पत्र वा विनियम/संस्थाको उद्देश्य खुलेको कागजात ।
- कार्यक्रम माग, संचालन र अख्तियार प्राप्त व्यक्ति तोकिएको सम्बन्धि संस्थागत निर्णयको छायाँकपि ।
- खेति गर्ने तथा संरचना निर्माण गर्ने जग्गाको लालपुर्जा वा कम्तिमा ५ वर्षको जग्गा भाडा सम्झौतापत्रको प्रतिलिपि ।
- स्थायी प्रकृतिको संरक्षित संरचना निर्माणको लागि कम्तीमा १० वर्षको करार सम्झौतापत्रको प्रतिलिपि ।
- संकलन/ प्रशोधन/ भण्डारण/ बजारीकरणमा मात्र संलग्न आवेदकको हकमा उत्पादकसँगको खरिद बिक्री सम्झौता ।
- प्रस्तावमा उल्लिखित सोही कार्यको लागि अन्य सरकारी तथा गैरसरकारी निकायबाट सहयोग लिए/नलिएको स्व-घोषणा।
- सम्बन्धित स्थानीय तहको कृषि विकास शाखा वा वडाको सिफारिस पत्र ।
- मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रमको हकमा आर्थिक रुपले विपन्न, अल्पसंख्यक, सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडीएका जातजाती खुल्ने परिचयपत्रको प्रतिलिपि वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/ स्थानीय तह/ वडाको सिफारिस ।
- मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रमको हकमा आवेदक पूर्ण वा आंशिक रुपमा कृषि पेशामा आवद्ध भएको भनि सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।

पुनश्च: माथि उल्लिखित कार्यविधिहरु यस कार्यालयको वेभसाइट https://chitwan.akc.gov.np/ बाट प्राप्त गर्न सक्नुहुन्छ ।

२०७९/०६/१२
अलकनाथ कंडेल
प्रमुख
अधिकृतस्तर (दशौं)